नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रहरी कार्यालय
(अपराध अनुसन्धान तथा कारवाही शाखा)

कन्ट्रोल: १००
फोन नं. ०६१-५३०८९२

गण्डकी प्रदेश, नेपाल
॥ गैह्रापाटन कास्की ॥

पत्र संख्या :- २०८१/०८२
प्राप्त प.स. :-

चलानी नं :- ८००८
मु.द.नं. :- ६८ (०८०।०८१)

मिति :- २०८१।०७।०२ गते।
ने.स.११४४

विषय :- <u>मानिस पक्राउ गरी पठाई दिने सम्बन्धमा।</u>

**श्री नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो लाजिमपाट, काठमाण्डौ।**
**श्री काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवन, काठमाण्डौ।**
**श्री जिल्ला प्रहरी परिसर, अपराध अनुसन्धान शाखा भद्रकाली, काठमाण्डौ।**

प्रस्तुत विषयमा **कृष्ण प्रसाद जैसी समेतको** जाहेरी तथा प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी सुर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि. पोखराको पुर्व अध्यक्ष एवं संचालक **गितेन्द्र बाबु राई समेत भएको सहकारी ऐनले परिभाषित ठगी तथा संगठित अपराध सम्बन्धी** मुद्दा अनुसन्धानको सिलसिलामा निम्न नामथर वतन गरेका व्यक्तिलाई पक्राउ गर्न सम्मानित कास्की जिल्ला अदालतबाट मिति २०८१।०७।०२ गते पक्राउ अनुमति जारी भई आएको हुँदा पक्राउ अनुमति यसै साथ संलग्न राखी पठाईएको छ। प्राप्त भए पश्चात निज प्रतिवादीको खोजतलास गरी फेला परेमा पक्राउ गरी यस कार्यालयमा पठाई दिनु हुन सादर अनुरोध गरिएको छ।

**<u>निम्न :</u>**

१. लालचन्द्र लामिछानेको छोरा जिल्ला काठमाण्डौ काठमाण्डौ महानगरपालिका वडा नं. ६ स्थायी वतन भई हाल जिल्ला काठमाण्डौ बुढानिलकण्ठ नगरपालिका वडा नं. ८ हात्तिगौडा बस्ने **गोरखा मिडिया नेटवर्क प्रा.लि. को तत्कालिन संचालक एवं प्रबन्ध निर्देशक** ना.प्र.प.नं. १८२२२ (काठमाण्डौ), जन्म मिति २०३२।०५।२८ भएका वर्ष ४९ को **रवि लामिछाने (९८०३८८९७१६)।**

**अनुसन्धान अधिकारी**
(बसन्त कुमार शर्मा)
प्रहरी नायब उपरीक्षक

Website: https://www.nepalpolice.gov.np, E-mail: dpokaskicrime@nepalpolice.gov.np, dpokaskicrime@gmail.com

काठमाडौं जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री माधवप्रसाद अधिकारी

आदेश

मुद्दा नं. ०८१-C१-३९०५

सुमन खनाल समेतको जाहेरीले नेपाल सरकार........................................................................वादी

विरुद्ध

रवि लामिछाने समेत..................................................................................................प्रतिवादी

मुद्दाः- संगठित रुपमा ठगी गरेको ।

यसमा प्रस्तुत मुद्दामा निवेदन साथ हाजिर हुन आएका प्रतिवादी रवि लामिछानेको वयान लिने कार्य सम्पन्न भई थुनछेक आदेश प्रयोजनार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फवाट उपस्थित जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान का.मु. सहन्यायाधिवक्ता श्री रामहरि शर्मा काफ्ले, विद्वान जिल्ला न्यायाधिवक्ताहरु श्री सीताराम अर्याल, श्री खडिन्द्रराज कटुवाल, श्री राधिका सुवाल, श्री उदयचन्द्र अधिकारी, श्री सुभाष कुमार भट्टराई, श्री सन्तोषराज कटुवाल, श्री विना खड्का थापा, विद्वान सहायक जिल्ला न्यायाधीवक्ताहरु श्री चन्द्र प्रसाद संजेल, श्री पूर्णेन्द्र पाण्डेय, श्री गणेश कुमार शर्मा एवं जाहेरवालाको तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता डा.श्री सुरेन्द्र भण्डारी, तथा विद्वान वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठीले गर्नुभएको तर्कपूर्ण वहस सुनियो।

त्यसैगरी प्रतिवादीका तर्फवाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सुशिल कुमार पन्त, विद्वान वरिष्ठ अधिवक्ता डा.श्री नारायण घिमिरे, विद्वान वरिष्ठ अधिवक्ता श्री रमण कुमार श्रेष्ठ तथा विद्वान वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र थापा एंव विद्वान अधिवक्ताहरु श्री राजेन्द्र प्रसाद सेडाई, श्री नारायण दत्त कडेल, श्री सुरज वस्नेत, श्री रेणी देवी सिटौला, श्री हेमराज पोखरेल उपाध्याय, श्री

सुधिज्ञ पन्त, श्री अफताभ आलम, श्री सन्जय गोलेले गर्नुभएको तर्कपूर्ण वहस समेत सुनी मिसिल संलग्न कागजात अध्ययन गरि हेरियो।

स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि. का वर्तमान तथा पूर्व संचालकको रुपमा रहेका प्रतिवादीहरु गितेन्द्र बाबु राई समेत तथा कानून विपरित स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि. बाट ऋण लिई ठगी गर्ने विभिन्न कम्पनीहरुका संचालक समेत रहेका प्रतिवादीहरु गितेन्द्र बाबु राई र रवि लामिछाने समेतले स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि .को विगो रकम कानून विपरित कर्जा प्रवाह गरी आर्थिक उपार्जन गर्ने उद्देश्यले लामो समयदेखि निरन्तर रुपमा उक्त सहकारीको रकम दुरुपयोग गरी कानून विपरित ऋण कर्जा लिनुदिनु गरी वेईमानीको नियतले उक्त सहकारीका संचालकहरु तथा ऋण लिने कम्पनीका संचालकहरु समेत मिली आफूलाई फाईदा र उक्त सहकारीलाई नोक्सान पुऱ्याउने, बचतकर्ताहरुको निक्षेप रकम लिने खाने उद्देश्यले संगठित रुपमा मिलेमतो गरी ठगी गरेको हुँदा यी प्रतिवादी रवि लामिछाने समेतलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र (२) बमोजिमको कसूर अपराधमा सोही संहिताको दफा २४९ को उपदफा (३) को देहाय (ग) बमोजिम सजाय गरी पाउँन र संगठित रुपमा ठगीको कसूर अपराध गरेतर्फ प्रतिवादीहरुको अपराधमा निरन्तरता, समूहगत संरचना र आवध्दता, एकअर्का विचको सम्वद्धता, अपराधको गम्भीरता, संरचनागत सहभागिता, आर्थिक लाभ आर्जन गर्ने उद्देश्य, संस्थागत निरन्तरता, समूहगत सहभागिता र कानूनको गंभीर उल्लंघनको कार्य निरन्तर भएको देखिंदा निज प्रतिवादीहरुलाई संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१), (२) र (३) को देहाय (क), सोही दफा ३ को उपदफा (४) र दफा ५ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ को देहाय (क) बमोजिम सजाय माग दावी रहेको देखियो।

प्रस्तुत मुद्दामा सुमन खनाल समेतका वचतकर्ता तथा शेयर सदस्यहरूलाई प्रतिवादी गितेन्द्र बावु राई समेतका सहकारी सञ्चालकहरूले स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि. मा खाता खोली निक्षेप जम्मा गर्नु, आकर्षक व्याज दिन्छौं भन्ने जस्ता कुरा गरी आश्वासन देखाई खाता खोल्न लगाई रकम बचत गर्न लगाएकोमा निज सुमन खनाल समेतका निक्षेपकर्ताहरूले सहकारीमा निक्षेप जाहेरी दरखास्तमा उल्लिखित जम्मा नगद रु.१,१९,४९,२१,२७०।- (अक्षरुपी एक अर्व उन्नाइस करोड उनन्पचास लाख एकाईस हजार दुई सय सत्तरी रुपैया मात्र) विगो रकम सहकारीमा गई फिर्ता माग्दा आज भोलि भनी आलटाल गरी फिर्ता नगरेको र एक्कासी सहकारी समेत वन्द गरी सहकारी संचालनकर्ताहरू भागी फरार भएकोमा काठमाडौं कीर्तिपुरस्थित बस्ने

प्रचण्डमान प्रधान भन्ने व्यक्तिले सहकारीमा आफ्नो समेत ठूलो मात्रामा बचत रकम तथा शेयर रहेको भनी हामी सहकारीबाट पीडित भएका व्यक्तिहरूसँग मिलेको जस्तोगरी सहकारीको सम्पुर्ण बचतकर्ताहरूको बचत रकम फिर्ता गराई दिन्छु भन्ने आश्वासन देखाई बचतकर्ताहरूबाट प्रतिव्यक्ति रु.५००।- (अक्षरुपी पाँच सय रुपैया मात्र) का दरले रकम उठाई सो रकम समेत आफैले खाई पचाई रिकभरीबाट प्राप्त हुन आएको रकम समेत बचतकर्ताहरूलाई झुलाई सहकारीबाट रकम उठाईदिन्छु भनी मासिक रुपमा तलब समेत बुझी लिई सहकारीका व्यवस्थापक नविन अछामीसँग मिलेर निजलाई सहकारीको ठुलो परिमाणको रिकभरीबाट प्राप्त हुन आएको रकम लिई भगाउने वातावरण सिर्जना गरेको तथा संसदिय छानविन समितिको प्रतिवेदन समेतबाट खुल्न आएको यस सहकारी संस्थासमेतबाट अनाधिकृत रुपमा ठुलो परिमाणमा ऋण लिई अपचलन गर्ने गोर्खा मिडिया नेटवर्क प्रा.लि. लगायतका कम्पनीका सञ्चालकहरू रवि लामिछाने र छविलाल जोशी सहित सहकारीको रकम उठाईदिन्छु भन्ने आश्वासन देखाई सहकारी संचालनकर्ताहरूसँग मिलेर सहकारीको रकम लिई भगाउने कार्यमा संलग्न प्रचण्डमान प्रधान भन्ने व्यक्ति समेतलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत बेहोराको जाहेरवालाहरूको जाहेरी दरखास्त रहेकोमा सोही बेहोरालाई समर्थन हुने गरी मौकामा बुझिएका सञ्जय अधिकारी समेतले घटना विवरण कागज गरेको देखिन्छ।

प्रतिवादी रवि लामिछानेले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा सहकारीको रकम गोरखा मिडियामा ल्याउने कुनैपनि प्रक्रियामा मेरो संलग्नता छैन। मिसिल संलग्न मलाई देखाईएको निवेदनको छाँयाकपीमा भएको हस्ताक्षर र औंठाछाप मेरो हो तर कम्पनीमा जोडिंदा र कम्पनी छोड्दा मैले शेयर बापतको पैसा लगानी गरेको पनि होईन र लिएर गएको पनि होईन। ।गोरखा मिडिया नेटवर्कका लगानीकर्ता गितेन्द्र बाबु राई नै हुन्। लगानीकर्ताको निर्देशन बिना र उल्लिखित प्रक्रिया बिना मैले कम्पनीको चेक जारी गर्न सक्दैनथे। छविलाल जोशी अधिकांश समय विदेश गएका थिए र गितेन्द्र बाबु राई अत्यन्तै व्यस्त थिए। म मात्र लेखाका कर्मचारीहरुले खोज्दा स्टेशनमा रहेको हुँदा मेरो हस्ताक्षर लिन उनीहरुलाई सहजता थियो। त्यस कारण सहजकर्ता रुपमा मात्रै मैले चेकहरु हस्ताक्षर गरेको हुँ। व्यक्तिगत रुपमा गितेन्द्र बाबु राईले उपलब्ध गराएको ऋण नै गोरखा मिडिया नेटवर्कले लिएको ऋण हो। मेरो कार्यकालमा गितेन्द्र बाबु राईबाट लगभग २२ करोड ऋण आएको देखिन्छ। आफूले लिएको ऋण उनले को कोबाट र कहाँ कहाँबाट लिए त्यो मेरो जानकारीको विषय रहेन। लेखा सम्बन्धी कार्यको पुर्ण नियन्त्रण कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईको हुने भएकोले त्यसमा मैले केही सोच्नु पर्ने अवस्था थिएन ।प्राविधिक रुपमा चेकमा सहि गर्न म कहाँ

चेकहरू ल्याईने भएपनि कम्पनीका लगानीकर्ताको मात्रै यसमा नियन्त्रण थियो । म प्रवन्ध निर्देशक रहेको अवधीभर गोरखा मिडिया नेटवर्क प्रा.लि. मा उल्लिखित स्वर्ण लक्ष्मी वहुउदेश्यीय सहकारी लगायत कुनै पनि सहकारीवाट रकम ल्याउने निर्णय भएको नहुँदा म निर्दोष छु भनी अभियोग दावी वमोजिमको कसूरमा ईन्कार रही वयान गरेकोमा सोही अनुसन्धानको वयान वेहोरालाई समर्थित हुनेगरी यस अदालत समक्ष समेत बयान गरेको पाईन्छ।

प्रतिवादी रवि लामिछानेले अनुसन्धान अधिकारी र यस अदालत समक्षको वयानमा ईन्कार रही वयान गरेतापनि यी प्रतिवादीहरु उपर किटानी जाहेरी दरखास्त रहेको देखिन्छ। यी प्रतिवादी रवि लामिछाने आफू गोर्खा नेटवर्क मिडिया प्रा.लि. को प्रवन्ध निर्देशक रहेको, गोर्खा मिडिया नेटवर्क प्रा.लि.वाट शेयर खरिद गरि नलिएको, आफूलाई प्राप्त भएका शेयर स्वेट शेयर वापत पाएको हुँ। उक्त प्रा.लि.वाट राजिनामा दिई छोडेर जाँदा पनि शेयरको पैसा नलिई तेतिकै शेयर हस्तान्तरण गरि गएको हुँ। स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्थावाट गोर्खा नेटवर्क मिडिया प्रा.लिको खातामा आएका रकमका वारेमा आफूलाई केही थाहा नभएको। स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्थावाट आफूले कुनै रकम लिए खाएको नहुँदा निर्दोष छु भनी कसूरमा इन्कार रही वयान गरेको देखिएतापनि प्रतिवादी रवि लामिछाने गोर्खा मिडिया नेटवर्क प्रा.लि.का विक्रीमा रहेको १,८०,००० थान शेयरमा लगानी गर्न इच्छा भएको निवेदन माग वमोजिम यस प्रा.लि.मा विक्रीमा रहेको शेयर मध्ये १,८०,००० शेयर खरिद गर्न अनुमति पाउँ भनी निवेदन दिई शेयर लिएको देखिंदा निजले उक्त प्रा.लि.को शेयर खरिद गरिलिएको देखिइ निज प्रतिवादी गोर्खा नेटवर्क मिडिया प्रा.लि.को शेयर होल्डर एंव प्रवन्धक निर्देशक समेत रहेको देखियो। प्रतिवादी रवि लामिछाने गोरखा नेटवर्क मिडिया प्रा.लि.मा शेयर होल्डर एंव प्रवन्ध निर्देशक हुनु भन्दा अघि नै प्रतिवादी रवि लामिछाने समेतको हस्ताक्षरवाट खाता संचालन हुने गरी गोरखा नेटवर्क मिडिया प्रा.लि. को ग्लोवल आई.एम.ई. वैंकमा खाता खोली संचालनमा ल्याएको, निज प्रवन्ध निर्देशक भएको वेलामा स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्थाको सदस्य नरहेको गोरखा नेटवर्क मिडिया प्रा.लि.को सोही खातामा उक्त सहकारी संस्थावाट रकम आएको देखियो। प्रतिवादीहरु रवि लामिछाने र गितेन्द्र वावु राईको नाममा ऋण खाता खोली रु.४६,९८,०००/- Four Wheeler loan र रु.४६,४८,०००/- Eco Seven Seater Van Loan लिएको, प्रतिवादी रवि लामिछानेको हस्ताक्षरवाट काटिएको चेकवाट रु.९०,१६,६६०/- स्वर्णलक्ष्मी वहुउद्देश्यीय सहकारी संस्थामा ऋण भुक्तान गरेको, गोर्खा मिडिया नेटवर्क प्रा.लि.को खातावाट प्रतिवादी रवि लामिछानेको एकल हस्ताक्षरवाट समेत विभिन्न व्यक्तिका नाममा रकम भुक्तानी भएको देखिंदा अहिले नै प्रतिवादी रवि लामिछाने-

प्रस्तुत वारदातमा कसूरदार होईनन् भन्न सक्ने अवस्था नेदिएकोले प्रस्तुत मुद्दाको प्रकृतिसमेतलाई मध्यनजर राखी मुद्दाको कारवाहीको सिलसिलामा प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी मुद्दा पुर्पक्षको प्रयोजनका लागि हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ समेतका आधारमा यी प्रतिवादी रवि लामिछानेबाट रु.६०,००,०००/-(साठी लाख रुपैयाँ) नगद धरौट वा सो वरावरको जेथा जमानत दिए लिई तारीखमा राखु। साथै फरार रहेका प्रतिवादीहरुको हकमा यसै अदालतबाट पक्राउ पूर्जि जारी गरी पक्राउ भई आएपछि वयानका लागि पेश गर्नू।

(माधवप्रसाद अधिकारी)
न्यायाधीश

आदेश सुनी सही गर्ने प्रतिवादी:-

प्र.रवि लामिछाने

इति संवत् २०८१ साल माघ महिना ०२ गते रोज ४ शुभम् ...........................................।

सर्वोच्च अदालत, संयुक्त इजलास

मानतीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

**फैसला**

०८१-RE-०३४२

मुद्दाः- सहकारी ठगी सम्बन्धी कसूर र संगठित अपराध

रवि लामिछाने------------------------------------------------------------------------------------ निवेदक प्रतिवादी

विरुद्ध

नारायण बहादुर पहराई समेतको जाहेरीले नेपाल सरकार---------------------------------- प्रत्यर्थी वादी

०८१-RE-०३४३

मुद्दाः- सहकारी ठगी सम्बन्धी कसूर र संगठित अपराध

छविलाल जोशी------------------------------------------------------------------------------------ निवेदक प्रतिवादी

विरुद्ध

नारायण बहादुर पहराई समेतको जाहेरीले नेपाल सरकार---------------------------------- प्रत्यर्थी वादी

१. प्रस्तुत निवेदनहरुमा प्राप्त कैफियत प्रतिवेदन सहितको मिसिल संलग्न कागजातको अध्ययन गरियो।

२. निवेदक प्रतिवादी रवि लामिछानेको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री सुशील कुमार पन्त, श्री रमण कुमार श्रेष्ठ, श्री केदार प्रसाद दाहाल, श्री मेघराज पोखरेल, श्री सुरेन्द्र थापा र श्री बद्री बहादुर राउत एवम् विद्वान् अधिवक्ताहरु श्री डा. नारायणदत्त कँडेल, श्री सुधिज्ञ पन्त, श्री दिपेन्द्र झा, श्री रामचन्द्र सेढाईं र श्री विवेक राउतले गर्नु भएको बहस समेत सुनियो।

३. निवेदक प्रतिवादी छविलाल जोशीको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री सतिश कृष्ण खरेल, श्री गोबिन्द शर्मा बन्दी र श्री टङ्क प्रसाद दुलाल एवम् विद्वान् अधिवक्तात्रय श्री अपुर्व खतिवडा, श्री प्रवीन सुवेदी र श्री पुष्पराज पाण्डेले गर्नु भएको बहस समेत सुनियो।

४. वादी नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयबाट उपस्थित हुनुभएका विद्वान् नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुली, विद्वान् सह-न्यायाधिवक्ताद्वय श्री गोविन्द खनाल र श्री दिनेश प्रसाद घिमिरे एवम् विद्वान् उप-न्यायाधिवक्ताद्वय श्री राम प्रसाद पन्थी र श्री रक्षा ज्ञवालीले गर्नु भएको बहस समेत सुनियो।

५. जाहेरवाला नारायण बहादुर पहराई समेतको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताद्वय डा.श्री सुरेन्द्र भण्डारी र श्री दिनेश त्रिपाठी एवम् विद्वान् अधिवक्ता श्री रामचन्द्र आर.सी. गौतमले गर्नु भएको बहस समेत सुनियो।

<u>उच्च अदालत तुलसीपुर, बुटवल इजलास</u>

६. यसमा, निवेदक प्रतिवादीहरु रवि लामिछाने र छविलाल जोशी समेतले सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.को रकम गैरकानूनी रुपमा गोर्खा मिडिया नेटवर्क प्रा.लि.मा लगी सहकारी ऐन, २०७४ को दफा १२२ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ) र (त) अन्तर्गतको निषेधित कार्य गरी सहकारी संस्थाको रु.१०,९९,३६,०००।- (दश करोड उनान्सय लाख छत्तिस हजार रुपैयाँ) ठगी गरेकोले उक्त रकम बिगो कायम गरी प्रतिवादीहरुलाई सो ऐनको दफा १२४ को उपदफा (१) को खण्ड (घ) को देहाय (५) बमोजिम सजाय गरी संगठित अपराध निवारण ऐन, २०७० को दफा ९ को देहाय (क) र (ग) बमोजिम थप सजाय गरी पाऊँ भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम पुरक अभियोग दावी लिएको देखिन्छ।

७. अब यी निवेदक प्रतिवादीहरुलाई थुनामा नै राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा यी प्रतिवादीहरु समेतको मिलेमतो र योजनामा सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि. (यसपछि सहकारी संस्था भनिएको) बाट गोर्खा मिडिया नेटवर्क

प्रा.लि. (यसपछि कम्पनी भनिएको) मा गैरकानूनी रुपमा रकम लगी सहकारी ठगी तथा सङ्गठित अपराध गरेकोले कानून बमोजिम कारवाही गरी पाऊँ भनी किटानी जाहेरी परेको देखिन्छ।

८. निवेदक प्रतिवादी रवि लामिछानेका हकमा विचार गर्दा गोर्खा मिडिया नेटवर्क प्रा.लि. मिति २०७७/०५/१० मा स्थापना भएकोमा सोही दिन उक्त कम्पनी र यी प्रतिवादीका बीचमा भएको Memorandum of Association (MoA) मा निज प्रतिवादी टि.भी. कार्यक्रमको सञ्चालकका रुपमा संलग्न हुने भनिए तापनि सोही MoA बाट निजले उक्त कम्पनीको १५ प्रतिशत शेयर धारण गर्ने बेहोरा उल्लेख गरेको देखिँदा उक्त कम्पनीको व्यवस्थापनमा स्थापना कालदेखि नै यी प्रतिवादीको संलग्नता भएको देखिन आयो।

९. यी प्रतिवादी प्रवन्ध निर्देशक, शेयर धनी र सञ्चालकको हैसियतमा मिति २०७७/०७/०२ देखि मिति २०७९/०३/०१ सम्म उक्त कम्पनीमा रहेको देखिएकोमा सो अवधिमा उक्त कम्पनीमा सहकारी संस्थाबाट विभिन्न मितिमा पटक पटक गरी विभिन्न परिमाणमा रकम गएको देखिन्छ। सो मध्ये यी प्रतिवादी रवि लामिछानेको नाममा उक्त सहकारी संस्थाको Loan A/C No. ००१-००१-००५-००००२२४ बाट दुई करोड रुपैयाँ कर्जा प्रवाह भएको तथ्यमा विवाद देखिँदैन।

१०. यी प्रतिवादीले उक्त कम्पनीमा र आफ्नो नाममा समेत सहकारी संस्थाबाट आएको रकमका बारेमा आफूलाई कुनै थाहा जानकारी नभएको भनी आरोपित कसूरमा ईन्कार रही बयान गरेको भए तापनि निज प्रतिवादीको हस्ताक्षरबाट सन् २०२२/०१/०६ मा चेक नं. ००५०४७६३८३ मार्फत रु. ४०,९२,०००/- (चालिस लाख बयानब्बे हजार रुपैयाँ) सहकारी संस्थालाई भुक्तानी गरेको निस्सा मिसिल सामेल भएको देखिँदा उक्त सहकारी संस्थासँगको कर्जा कारोबारको बारेमा आफूलाई केही थाहा नभएको भन्ने प्रतिवादीको भनाई खण्डित भएको देखियो।

११. निवेदक प्रतिवादी रवि लामिछानेले आफू मिति २०७७/०९/३० मा मात्र कम्पनीमा प्रवन्ध निर्देशकको रुपमा नियुक्ति पाएकाले सो अगाडिको आर्थिक कारोबारमा आफ्नो कुनै संलग्नता नरहेको भन्ने जिकिर लिएको भए तापनि निजले कम्पनीमा प्रवन्ध निर्देशकको पदमा नियुक्ति पाउनु अगाडि नै मिति २०७७/०७/०२ को सञ्चालक

समितिको वैठकमा कार्यकारी निर्देशकको हैसियतले उपस्थित भएको देखिएको र सो वैठकले Global IME Bank Ltd. कालोपुल शाखामा खाता सञ्चालन गर्ने र सो खातामा गितेन्द्र वावु राई, छविलाल जोशी वा रवि लामिछाने मध्ये कुनै एकको हस्ताक्षरबाट खाता सञ्चालन गर्ने भनी निर्णय गरेको देखिन्छ। सोही निर्णय बमोजिम खोलिएको कम्पनीको खातामा सहकारी संस्थावाट पटक पटक रकम आएको देखिँदा सहकारी संस्थावाट रकम लैजाने गरी भएको आर्थिक कारोबारमा यी निवेदक प्रबन्ध निर्देशक हुनुपूर्व देखि नै संलग्न भएको देखिन आयो।

१२. निवेदक प्रतिवादी रवि लामिछानेको गोर्खा मिडिया नेटवर्क प्रा.लि.मा रु. १,८०,००,०००/- (एक करोड असी लाख रुपैयाँ) बराबरको शेयर रहेको देखिन्छ। आफूले MoA को शर्त वमोजिम कम्पनीको १५ प्रतिशत शेयर निःशुल्क पाएको भन्ने निजको कथन देखिन्छ। मिति २०७७/०५/१० मा भएको उक्त MoA मा यी प्रतिवादीले निःशुल्क १५ प्रतिशत शेयर प्राप्त गर्ने शर्त उल्लेख भएको देखिए तापनि निज स्वयम्ले प्रमाणित गरी आधिकारिक निकायमा पेश गरेको लगानी श्रोत फारममा "अन्य व्यवसायको आम्दानी, ऋण सापटी र पैत्रिक सम्पत्तिबाट" एक करोड असी लाख रुपैयाँको शेयर लगानी गरेको भन्ने बेहोरा उल्लेख भएको देखिन आएबाट निःशुल्क शेयर प्राप्त गरेको भन्ने निजको भनाई मिसिल संलग्न प्रमाणबाट समर्थित भएको देखिएन। अपितु निज प्रतिवादीले सोही शेयर खरिद गर्न सहकारी संस्थावाट कर्जा लिएको देखिन आउँछ। सो कर्जा लिंदा सहकारी ऐन, नियम र संस्थाको विनियमावली लगायत प्रचलित कानून वमोजिमको कुनै प्रकृया पूरा गरेको प्रथम दृष्टिमा नै देखिन आएन।

१३. साथै, यी प्रतिवादी रवि लामिछानेले मिति २०७९/०३/०१ मा उक्त कम्पनीवाट अलग भएको भनी जिकिर लिए तापनि सो मिति पश्चात् समेत निजले कम्पनीको खाता सञ्चालकको हैसियतले विभिन्न मितिका चेकहरुमा हस्ताक्षर गरेको देखिएवाट उक्त कम्पनीमा निजको निरन्तर संलग्नता देखिन आयो।

१४. यस प्रकार, उक्त कम्पनीमा यी प्रतिवादी रवि लामिछानेको संलग्नता कर्मचारीको हैसियतमा मात्र नभई कम्पनी सञ्चालनमा सारभूत रुपमा प्रभाव पार्ने हैसियतको देखियो। यस स्थितिमा सहकारी संस्थाका अध्यक्ष एवम् सह-अभियुक्त ओम प्रकाश गुरुङ्ग र

कुमार रम्तेल समेतले यी प्रतिवादीको संलग्नतामा विभिन्न सहकारी संस्थाबाट रकम लिई टेलिभिजन कम्पनी खडा गरी सहकारीको रकम अपचलन गरेको भनी गरेको बयान, सह-प्रतिवादी छविलाल जोशीले कम्पनीको सम्पूर्ण आर्थिक कारोबारको जिम्मा जि.वि. राई र यी प्रतिवादी रवि लामिछानेको थियो भनी गरेको बयान तथा कम्पनीका लेखापाल संजय अधिकारी, सहायक लेखापाल रजनी श्रेष्ठ एवम् लेखा परीक्षक विशेष विभू आचार्यले गरेको घटना विवरण कागज समेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी आरोपित कसूरका कसूरदार रहेनछन् भनी विश्वास गर्न सकिने मनासिव आधार देखिन आएन।

१५. अब निवेदक प्रतिवादी छविलाल जोशीको हकमा विचार गर्दा निज प्रतिवादी गोर्खा मिडिया नेटवर्क प्रा.लि. को संस्थापक शेयरधनी तथा सञ्चालक भएको तथ्यमा विवाद भएन। निज कम्पनीको स्थापना कालदेखि मिति २०७८/०६/२२ सम्म उक्त कम्पनीमा आबद्ध रहेको देखिएकोमा सो अवधिमा उक्त कम्पनीको नाममा सहकारी संस्थाबाट पटक पटक विभिन्न मितिमा विभिन्न परिमाणमा रकम आएको देखिन्छ।

१६. सो मध्ये यी निवेदक प्रतिवादीको नाममा मिति २०७७/१०/२८ मा सुप्रिम सहकारी संस्थाबाट Loan A/C No. ००१-००१-१०५-००००२११ बाट दुई करोड पचास लाख कर्जा प्रवाह भएको देखिन्छ। निज प्रतिवादीले उक्त कर्जा प्रवाहमा आफ्नो कुनै संलग्नता नभएको र सम्पूर्ण आर्थिक कारोबार प्रतिवादी जि.वि राई र रवि लामिछानेले गर्ने गरेको भनी बयानमा जिकिर लिएको भए तापनि मिति २०७७/०७/०२ को सञ्चालक समितिको बैठकमा यी प्रतिवादी छविलाल जोशी संस्थापक सञ्चालकको हैसियतले उपस्थित भई Global IME Bank Ltd. कालोपुल शाखामा खाता सञ्चालन गर्ने र सो खातामा गितेन्द्र बाबु राई, छविलाल जोशी वा रवि लामिछाने मध्ये कुनै एकको हस्ताक्षरबाट खाता सञ्चालन गर्ने गरी निर्णय गरेको र सो निर्णय बमोजिम खोलिएको उल्लेखित खातामा नै सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.बाट यी निवेदक समेतका नाममा पटक पटक रकम आएको देखिएको स्थितिमा सहकारी संस्थाबाट कम्पनीमा रकम आएको बारेमा आफूलाई केही थाहा जानकारी नभएको भन्ने प्रतिवादीको जिकिर विश्वासपद देखिएन।

१७. यस स्थितिमा मिसिल संलग्न सहकारी संस्थाका अध्यक्ष एवम् सह-अभियुक्त ओम प्रकाश गुरुङ्ग तथा सह-अभियुक्त कुमार रम्तेल एवम् कम्पनीका लेखापाल संजय अधिकारी, सहायक लेखापाल रजनी श्रेष्ठ एवम् लेखा परीक्षक विशेष विभू आचार्यले गरेको घटना विवरण कागज समेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी आरोपित कसूरका कसूरदार रहेनछन् भनी विश्वास गर्न सकिने मनासिव आधार देखिन आएन।

१८. तसर्थ, तहाँ अदालतबाट निवेदक प्रतिवादीहरु रवि लामिछाने र छविलाल जोशीलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी पुर्पक्षका लागि थुनामा राखी मुद्दाको कारवाही र किनारा गर्ने गरी भएको मिति २०८१/१२/२२ को आदेश बेरितको नदेखिँदा बदर गरिरहनु परेन। कानून बमोजिम गर्नू।

१९. साथै, बहसका क्रममा विद्वान् नायव महान्यायाधिवक्ता र जाहेरवालाका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता एवम् अधिवक्ताहरुले उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट आदेश गर्ने माननीय न्यायाधीशहरु उपर सामाजिक सञ्जाल एवम् अन्य सञ्चार माध्यममा लाञ्छनापूर्ण र अशोभनीय टीका टिप्पणी गरेको भनी इजलासलाई अवगत गराउनु भएकाले सो तर्फ यस इजलासको गम्भीर ध्यानाकर्षण भएको छ। अदालतबाट भएका आदेश एवम् फैसलाहरु उपर स्वच्छ र रचनात्मक टिप्पणीहरु सदैव अपेक्षित नै हुने भए तापनि नियोजित ढङ्गले न्यायाधीशहरुको मानमर्दन गर्ने र जनमानसमा भ्रमपूर्ण सन्देश प्रवाह गर्ने प्रकृतिका क्रियाकलापबाट न्याय सम्पादनको कार्यमा अनपेक्षित अवरोध (**Obstruction of Justice**) हुन जाने भएकाले त्यसतर्फ समवेदनशील रहन सबै पक्षका लागि यो आदेश जारी गरिएको छ।

न्यायाधीश

न्यायाधीश

ईति सम्बत् २०८२ जेठ महिना ०९ गते रोज ०६ शुभम्...............................।